प्रतिदिन १६औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ६६ ।। २०८० चैत्र ३० गते शुक्रबार (12th Apr 2024 Friday) Pratidin National Daily मूल्य-रु.५/-

# रविका कारण सरकार संचालनमा समस्या



झापा (प्रस) । प्रधानमन्त्री पुष्पकमल दाहालले रवि लामिछानेलाई नै केन्द्रमा राखेर कांग्रेसले माग गरेको समिति गठन गर्न नसकिने बताएका छन्। विराटनगर पत्रकारसँग कुराकानी गर्दै प्रधानमन्त्री दाहालले प्रतिनिधिसभामा देखिएको गत्यावरोध अन्त्य गर्नका लागि राजनीतिक तहमा संवाद सुरु भएको र चाँडै समाधान हुने बताएका हुन्।

उनले सहकारीसँग सम्बन्धित समग्र विषयको अलगै र राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष एवं गृहमन्त्री रवि लामिछाने विषय अलगै अध्ययन गरेर समस्याको समाधान गर्न सकिने बताए ।

'अहिले रवि लामिछानेलाई नै केन्द्रमा राखेर समितिको माग गरिएको छ, त्यो मिल्ने कुरो छैन', दाहालले भने, 'मैले सदनमा जवाफ दिँदा अनुसन्धानकर्तादेखि सम्बन्धित निकायका प्रमुख र सम्बन्धित जिल्लाका अधिकारीसँग के हो यो 'केस' भनेर सोधेको थिए । उहाँहरूले यस 'केस'मा रविजीलाई अनुसन्धान गर्ने ठाउँ छैन भन्नुभयो, सोही आधारमा मैले बोलेको हुँ ।'

नेकपा माओवादी केन्द्रका अध्यक्ष समेत रहेका दाहालले प्रतिपक्ष दलले सहकारी क्षेत्रमा देखिएको समस्या समाधान गर्नेभन्दा पनि गठबन्धन फेरिएपछि राजनीतिक मुद्दा बनाइएको उल्लेख गरे। उनले भने , ' पहिले हामीसँगै कांग्रेस सरकारमा थियो, त्यतिखेर यो मुद्दा सामान्य थियो, सरकारबाट निस्केपछि रविजीलाई केन्द्रमा राखेर समितिको माग गरिएको छ, यो राजनीतिक पूर्वाग्रहमा आधारित छ ।' उनले पछिल्लो राजनीतिक समीकरण भत्काउन गरिएको प्रयास सफल नहुने स्पष्ट पारे।

त्यस्तै नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेलले नेपाली कांग्रेसले वर्तमान समीर करणलाई बिगारेर सरकारमा आउन संसदीय छानबिन समिति माग गरेको बताएका छन्। सरकार गिराउन कांग्रेसले गृहमन्त्री रवि लामिछानेको विषयमा अनुसन्धान गर्न समिति बनाउनुपर्ने माग गरिरहेको उनको आरोप छ।

उनले सहकारी ठगिका विषयमा राज्यका निकायहरूले अनुसन्धान गरिरहेकाले अहिले नै संसदीय छानबिन समिति आवश्यक नरहेको बताए। 'राज्यका निकायहरूले सहकारी ठगिका विषयमा अनुसन्धान गरिरहेका छन्। छानबिन नगर्ने भन्ने होइन, सत्ताबाट प्रतिपक्षमा पुगेको कांग्रेसको नियत ठीक छैन। उसले सत्ता समीकरण बिगार्नमात्रै यो माग गरिरहेको छ,' उनले भने। कांग्रेस संसदको समय दुरुपयोगको काममा मात्रै तल्लीन भएको पौडेलको भनाइ छ।

उनले कम्युनिष्ट फुटाएर राज गर्न खोज्ने कांग्रेसको पालो अब सकिएको बताए। कम्युनिष्ट शक्तिबीच समीकरण बन्दा जनतामा आशा पलाएको उनले बताए। उनले वर्तमान सरकार टिकाउन नदिन विभिन्न षड्यन्त्र भइरहेको बताउँदै एमालेले वर्तमान सरकारलाई २०८४ को निर्वाचनसम्म लैजाने बताए। ' एमाले बलियो नभएमा देश कमजोर हुन्छ,' उपाध्यक्ष पौडेलले भने, 'देशको विकास, समृद्धि र नागरिकको भविष्य राम्रो बनाउनका लागि एमाले शक्तिशाली हुनुपर्छ। त्यसका लागि सबै नेता-कार्यकर्ता एक जुट भएर लाग्नुपर्छ।'

# रोशन र त्रिशा उत्कृष्ट खेलाडी





बिर्तामोड(प्रस)। नेपाल खेलकुद पत्रकार मञ्च जिल्ला समन्वय शाखा झापाले आयोजना गरेको पाँचौं झापा स्पोर्टस् अवार्डको वर्ष उत्कृष्ट खेलाडी पुरुषमा आइटिएफ तेक्वान्दोका रोशन मगर र महिलामा बक्सिङकी त्रिशा जवेगूले जितेका छन् ।

उनीहरुलाई २०७९ मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा गरेको प्रदर्शनका आधारमा बिहीवार भएको पाँचौं स्पोर्टस् अवार्डमा वर्ष उत्कृष्ट खेलाडी घोषित गरिएको हो ।

उनीहरुले नगद एक-एक लाख, ट्रफी र गिफ्ट ह्याम्पर हात पारे ।

त्यस्तै, लाइफ टाइम अचिभमेन्ट अवार्डबाट ओलम्पियन मेनुका राउतलाई सम्मान गरिएको छ । उनलाई नगद ५० हजार, ट्रफी र गिफ्ट ह्याम्परले सम्मान गरिएको छ ।

उत्कृष्ट खेल पत्रकारिता पुरस्कारबाट रमेश समदर्शीलाई सम्मान गरिएको छ ।

एनएसजेएफ झापाका संस्थापक अध्यक्ष समदर्शीलाई नगद ३५ हजार र ट्रफीले सम्मान गरिएको हो ।

त्यस्तै, स्पेशल अचिभमेन्ट अवार्डबाट फिफा रेफ्री श्याम दनुवारलाई सम्मान गरिएको छ । उनलाई नगद २५ हजार र ट्रफीले सम्मान गरिएको हो । २०७९ मा प्रदर्शन गरेको आधारमा वर्ष उत्कृष्ट युवा खेलाडीमा पौडीका प्रारम्भ भण्डारी, पिपुल्स च्वाइस अवार्डबाट क्रिकेटकी रुविना क्षेत्री र वर्ष उत्कृष्ट प्रशिक्षकमा बक्सिङका डम्बर लिम्बू घोषित भए । उनीहरुले जनही २५ हजार नगद र ट्रफी पुरस्कार प्राप्त गरे ।

२०७३ सालबाट सुरु भएको झापा स्पोर्ट्स अवार्डको यो पाँचौं संस्करण हो । यसपटक खेलकुद पत्रकार मञ्च झापाले २०७९ सालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रदर्शन गर्ने झापाली खेलाडी तथा खेल प्रतिभालाई सम्मान गरेको हो ।

आगामी वर्ष पनि अवार्डलाई निरन्तरता दिने मञ्चका अध्यक्ष इन्द्रजीत मुखियाले जानकारी दिए । कार्यक्रममा प्रदेश खेलकुद विकास बोर्डका सदस्यसचिव हंशराज वाग्ले, सदस्य मदन खड्का, अर्जुनधारा नगरपालिका उपप्रमुख खड्गमाया पराजुली, नेपाल खेलकुद पत्रकार मञ्चका केन्द्रीय अध्यक्ष दुर्गानाथ सुवेदी, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष प्रशान्त भण्डारी, झापा ११ एफसीका अध्यक्ष जलकुमार गुरुङ, बिर्तामोड ३ का वडा अध्यक्ष मदन बुढाथोकी, झापा गोल्डकपका अध्यक्ष विनोद बस्नेतलगायत उद्योगी व्यवसायीले विजेतालाई पुरस्कार प्रदान गरेका थिए ।

नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष :चुडामणी मैनाली
सचिव : दुर्योधन कार्की

चन्द्रगढी दोस्रो खानेपानी तथा सरसफाई उपभोक्ता समिति परिवार
भद्रपुर, झापा

नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

बन्दीविकास पुस्तकालय परिवार
भद्रपुर, झापा

# कम मूल्यांकन गरी राजश्व ठगी गर्दै मेची भन्सार



झापा(प्रस) ।मेची भन्सार कार्यालय काँकडभिट्टाले मिलेमतोमा प्रज्ञापनपत्रमा कम मूल्यांकन गरी राजश्व ठगी गरेको खुलासा भएको छ । सोमवार राति मेची भन्सार कार्यालयबाट जाँचपास गराएर निस्किएका एचआर ६९ सी ४६५९ र जीटी ३४६५ नम्बरको दुई वटा भारतीय ट्रक प्रहरीले नियन्त्रणमा लिएर आवश्यक कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय इटहरी पठाएको थियो । ती ट्रकहरुमा भएका सामानहरुको प्रज्ञापनपत्रमा कम मूल्यांकन गरिएको पाइएको हो । ट्रकमा भारतीय सेनाबाट अवकाश भएका १० जना नेपालीहरूले प्रयोग गरिएका पुराना सरसामान (जिटीकुन्टा) हरूको मूल्यांकन गरेर भन्सारले ६० हजार रुपैयाँ राजश्व लिएको थियो । तर, ती ट्रकहरुमा फ्रिज, टीभी, वासिङमेसिन, माइक्रोओभनलगायतकाईलेक्ट्रोनिक्स सामानहरु फेला परेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए । उनले ती ट्रकहरुमा लोड भएका मालवस्तुहरुलाई कानुनी रीत पुर्याई मूल्यांकन गर्दा ५२ लाखबराबरको विगो कायम भई राजश्व अनुसन्धान कार्यालय इटहरीबाट थप अनुसन्धान भइरहेको जानकारी दिए ।

सोमवार राति ९.३० बजे मेची भन्सार कार्यालयबाट जाँचपास गराएर निस्किएका दुई वटा भारतीय ट्रक प्रहरीले नियन्त्रणमा लिएको थियो । जिल्ला प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय धुलाबारीको संयुक्त टोलीले विशेष सूचनाको आधारमा धुलाबारी चोकबाट चालकसहित ती ट्रक नियन्त्रणमा लिएको थियो ।

नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष : ज्योतिसिंह दर्लामी
सचिव : जयप्रसाद भट्टराइ

नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान परिवार
बिर्तामोड, झापा

नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

कलवलगुडी कृषि सहकारी संस्था लि. परिवार
भद्रपुर, झापा

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समयः दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समयः दैनिक सेवा

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समयः प्रत्येक महिनाको पहिलो शनिबार

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समयः दैनिक सेवा

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समयः प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समयः दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समयः दैनिक सेवा

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समयः प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरूम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# भद्रपुरमा कृषि विमा सचेतना

भद्रपुर(प्रस) । भद्रपुर नगरपालिका कृषि विकास शाखाको आयोजनामा एकदिने कृषि विमा सम्बन्धी अन्तर्क्रियात्मक गोष्ठी सम्पन्न भएको छ । शाखाको आ व २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत कृषि व्यवसायमा आइपर्ने सम्भावित जोखिमहरूबाट कृषकहरुलाई सुरक्षित गराउने र उनीहरुलाई व्यावसायिक कृषितर्फ उन्मुख गराउने उद्देश्यले कृषि बिमा कार्यक्रमबारे सचेतना गोष्ठी सम्पन्न गरिएको हो ।

कार्यपालिका सदस्य प्रशंसा ठटालको अध्यक्षता तथा नगर प्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा राष्ट्रिय विमा कम्पनी झापाका प्रमुख खगेन्द्र तिम्सेनाले विमाको वर्तमान अवस्था र चुनौती शीर्षकमा सहभागीलाई जानकारी गराएका थिए । उनले कृषि तथा पशु विमाका लागि राज्यले ८० प्रतिशतसम्म अनुदान दिदै आएको भए पनि कृषि उपज विमाप्रति कृषकले चासो नराखेको जानकारी गराएका थिए ।

झापाका लागि कृषि तथा पशु विमाको जिम्मेवारी पाएको नेको विमाका प्रतिनिधिले कृषकले उठाएका विमा भुक्तानीका समस्याबारे उत्तर दिएका थिए भने अधिकांश कृषकले विमा गर्दा सहज र सहुलियत भए पनि क्षतिको भुक्तानी लिन कठिन भएकै कारण कृषि विमामा आकर्षण हुन नसकेको धारणा राखेका थिए ।

कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै शाखाका निमित्त प्रमुख सुमन विमलीले कार्यक्रमपछि कृषि विमाप्रति कृषकको आकर्षण बढ्ने विश्वास व्यक्त गरे । उनले कार्यक्रममा कृषि सहकारी तथा कृषक समूहबाट प्रतिनिधित्व हुने गरी प्रतिनिधि छनौटमार्फत कार्यक्रम गरिएको जानकारी दिए ।

कार्यक्रममा नगर प्रमुख गणेश पोखरेलले भद्रपुर नगरपालिकालाई कृषि उपज र पशु उत्पादनमा आत्मनिर्भर बनाउने प्रयास गरिरहेको जानकारी दिए । उनले यस आर्थिक वर्षका लागि पशु विमा गर्न १० लाख रूपैयाँ र कृषि उपज विमाका लागि ३ लाख रुपैयाँ छुट्याइएको जानकारी समेत दिए ।

## वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना

वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो ।

झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स–साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्रायःजसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन् ।

सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरूवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ । बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ ।

वन डढेलो लाग्न नदिन,

- वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौं ।
- खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं ।
- जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं ।
- स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं ।
- सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौं ।
- आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस् ।

स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ । वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो ।

तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौं । त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौं ।

**डिभिजन वन कार्यालय, झापा** सम्पर्कः ०२३४५२०५३, ९८५२६५५१८९

## श्री हलुवागढ सामुदायिक वन उपभोक्ता समूह अर्जुनधारा–१ झापाको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/१२/ ३०

श्री हलुवागढ सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको साल जातको ५११.५४ क्यु.फि. गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । डिभिजन वन कार्यालयमा सूचीकृत भएका प्रचलित कानून बमोजिम दर्ता भएको इच्छुक, स–मिल भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ । थप जानकारीको लागि फोन नं. ९८०७९७२७०२ मा कार्यालय समयमा सम्पर्क गर्न सक्नुहुने छ ।

नयाँ वर्ष २०८१ को शुभकामना
नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।
**चन्द्रगढी टि इस्टेट परिवार**
चन्द्रगढी, झापा

नयाँ वर्ष २०८१ को शुभकामना
नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष : केदार पोखेल
**नेपाल निजामती कर्मचारी संगठन**
अध्यक्ष : वशिष्ठ अधिकारी
**राष्ट्रसेवक सहकारी संस्था लि.**
चन्द्रगढी, झापा

नयाँ वर्ष २०८१ को शुभकामना
नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।
**गोरखकाली सिमेन्ट उद्योग परिवार**
दुहागढी, झापा

नयाँ वर्ष २०८१ को शुभकामना
नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।
**एसियन प्लाइउड उद्योग परिवार**
भद्रपुर, झापा

नयाँ वर्ष २०८१ को शुभकामना
नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष :देवी निरौला बस्नेत
सचिव : चन्द्रकुमार भट्टराई
**श्री साना मझौला ब्यवसायी बचत तथा ऋण संस्था लि. परिवार**
बिर्तामोड, झापा

नयाँ वर्ष २०८१ को शुभकामना
नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।
**चन्द्रगढी सामुदायिक वन उपभोक्ता समिति परिवार**
भद्रपुर, ९-झापा

नयाँ वर्ष २०८१ को शुभकामना
नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।
**चन्द्रगढी सामुदायिक वन उपभोक्ता समिति परिवार**
भद्रपुर, ९-झापा

नयाँ वर्ष २०८१ को शुभकामना
नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।
**साइद हुसैन तथा हुसैन परिवार**
भद्रपुर,८ -झापा

नयाँ वर्ष २०८१ को शुभकामना
नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष :यादवकुमारी तिम्सिना
सचिव : गंगाकुमारी कार्की
**श्री पञ्चकन्या महिला बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**
बिर्तामोड -३, झापा

नयाँ वर्ष २०८१ को शुभकामना
नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष :गोपालबहादुर थापा
**स्वर्गद्धारी कृषि सहकारी संस्था लि. परिवार**
भद्रपुर, झापा

नयाँ वर्ष २०८१ को शुभकामना
नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।
संचालक : गोपालबहादुर थापा
**मैनाचुली ह्युमपाइप उद्योग परिवार**
भद्रपुर(देउनिया), झापा

नयाँ वर्ष २०८१ को शुभकामना
नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।
**प्रेरणा ट्रेडर्स परिवार**
भद्रपुर, झापा

नयाँ वर्ष २०८१ को शुभकामना
नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।
**समाजसेवी : विज्ञानचन्द्र राई तथा परिवार**
भद्रपुर, झापा

नयाँ वर्ष २०८१ को शुभकामना
नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।
प्रो.राजकुमार राई
**जुनतारा कन्स्ट्रक्सन परिवार**
भद्रपुर, झापा

नयाँ वर्ष २०८१ को शुभकामना
नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।
**सरावगी प्लाइउड उद्योग परिवार**
भद्रपुर, झापा

नयाँ वर्ष २०८१ को शुभकामना
नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष : प्रज्वल राई
**झापा उद्योग संघ परिवार**
भद्रपुर, झापा

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# संसद फेरि बन्धक

गृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने सहकारी ठगीमा मुछिएको भन्ने विवादले अहिले संसद् नै बन्धक छ। प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले लामिछानेमाथि छानबिन गर्न संसदीय समिति माग गर्दै आएको छ। तर सत्तापक्ष त्यसमा सहमत देखिएको छैन।

अझ कांग्रेस त गृहमन्त्रीको राजीनामा पनि मागिरहेको छ। उनीमाथि सहकारी ठगीमा देखिएको आरोपकै कारण राजीनामा माग्ने हो भने यस्ता आरोपहरू अनेकलाई लाग्दै आएको छ, आरोपकै भरमा राजीनामा साध्य हुन सक्दैन भन्नेहरू पनि छन्। गृहमन्त्री संसद्मा उठेको प्रश्नको जवाफ संसदै दिन चाहन्छन्। तर प्रतिपक्षले भने गृहमन्त्रीलाई रोस्टमसम्म पुग्ने नदिने अडानमा छ। त्यसैले बुधबार पनि गृहमन्त्रीले दलहरूसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पनि राख्ने भनिएकोमा कार्यसूचीबाटै हटाइयो। संसद् वैशाख २ गतेसम्मलाई स्थगितै भयो। मंगलबार पनि संसद् अवरुद्ध रह्यो।
केही दिनयता गृहमन्त्री र प्रमुख प्रतिपक्षको आरोप, प्रत्यारोपले संसद् अवरुद्ध छ। नियमित काममा संसद् प्रवेश गर्न पाएको छैन। आउँदो वर्षको पूर्वबजेट छलफल संसद्मा चलाउनुपर्ने बेला भइसकेको छ।

थुप्रै विधेयकहरू संसद्मा छलफल गरी पारित गर्नुपर्ने गुरुत्वर दायित्व छँदै छ। संसद्को हिउँदे अधिवेशनले एउटामात्रै कानुन बनायो। सांसद सधैंजसो सत्ताको अंकगणितका गोटीमा सीमित भए। संसद्ले न कानुन निर्माण गर्ने न त्यहाँ जनताका आवाज उठ्ने र सरकारलाई जवाफदेही बनाउने ? यसरी निकम्मा बनाइएको संसद्लाई फेरि अवरुद्धमात्रै गरेर प्रमुख प्रतिपक्षले अप्रजातान्त्रिक शैलीलाई प्रकट गरेको मात्रै छैन, सार्वभौम संसद्को गरिमामाथि चोट पुर्‍याएको छ। सत्तामा हुँदासम्म कांग्रेसले संसदीय छानबिन समितिको औचित्य देखेको थिएन, त्यो उसको चासो थिएन। आज प्रतिपक्षमा हुनासाथै त्यहीमात्रै मुद्दा बोक्नु र संसदै चल्न नदिनु भनेकोदोहोरो मापदण्ड हो। गृहमन्त्री लामिछाने स्वार्थ बाझिने मन्त्रालयमा बस्नु चाहिँ आफैंमा नैतिक प्रश्न हो। मन्त्री भएकैले उनीमाथि छानबिन गर्न नपर्ने हुँदैन। छानबिन हुनुपर्छ। संसदीय समिति चाहिँ कतिबेला आवश्यक हुन्छ भन्नेबारे दलहरूसँग एउटै मापदण्ड छैन। आफू अनुकूल त्यसको औचित्य उनीहरू देख्छन्। त्यही दोहोरो चरित्रकै कारण बिहीवार फेरि संसद् बन्धक भएको छ। संसद्लाई नै अवरुद्ध गरेर लोकतान्त्रिक अभ्यासलाई निषेध गर्न खोज्नु कुनै पनि मानेमा सही मान्न सकिन्न।






# नागरिकको चरित्र मापक



शंकरप्रसाद भेटवाल

विद्यार्थीले विदेश अध्ययन गर्न जाँदा होस् वा विदेशमा श्रम गर्न जाँदा होस् वा देशभित्रै पनि विभिन्न संघ संस्था खोल्दा वा उद्योगधन्दा चलाउँदा वा सरकारी पदमा नियुक्ति हुँदा वा अन्य विभिन्न प्रयोजनमा नागरिकको चरित्र (चालचलन) सम्बन्धित सुरक्षा निकाय (प्रहरी) सँग बुझ्ने प्रचलन छ । त्यही भएर नेपाल सरकारले अपराधसम्बन्धी राष्ट्रिय अभिलेखलाई व्यवस्थित गर्न तथा सो अभिलेखको आधारमा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण गर्दै आएको छ । यसलाई व्यवस्थित, सरल, सहज र प्रभावकारी बनाउने उद्देश्यले अपराधसम्बन्धी राष्ट्रिय अभिलेख व्यवस्थापन तथा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण निर्देशिका २०८० जारी भएको छ ।

प्रहरी चारित्रिक प्रमाणपत्र लिन चाहने व्यक्तिले चौबिसै घण्टा अनलाइन प्रणालीबाट आवेदन दिन सक्छ । आवेदन साथ नेपाली नागरिकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको स्क्यान प्रति तथा नाबालकको हकमा नाबालक परिचयपत्रको स्क्यान प्रति, वैदेशिक प्रयोजनका लागि भएमा राहदानीको स्क्यानको प्रति, पासपोर्ट साइजको रङ्गीन फोटो आवश्यक पर्छ । विदेशमा रहेका नेपाली नागरिकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको स्क्यान प्रति र नाबालकको हकमा नाबालक परिचयपत्रको स्क्यान प्रति, राहदानीको स्क्यानको प्रति, अन्तिम पटक नेपाल छोड्दा नेपालको अध्यागमन कार्यालयबाट प्रस्थान छाप लगाएको पानाको स्क्यान प्रति, पासपोर्ट साइजको रङ्गीन फोटो आवश्यक पर्छ । विदेशी नागरिकको हकमा राहदानीको स्क्यानको प्रति, नेपालको अध्यागमन कार्यालयबाट आगमन छाप लगाएको पानाको स्क्यान प्रति, नेपालको अध्यागमन कार्यालयबाट प्रस्थान छाप लगाएको पानाको स्क्यान प्रति (आवेदक नेपाल बाहिर भएको अवस्थामा), पासपोर्ट साइजको रङ्गीन फोटो आवश्यक पर्छ ।

शरणार्थीको हकमा शरणार्थी यात्रा अनुमति पत्रको स्क्यान प्रति, नेपालको अध्यागमन कार्यालयबाट आगमन छाप लगाएको पानाको स्क्यान प्रति, नेपालको अध्यागमन कार्यालयबाट प्रस्थान छाप लगाएको पानाको स्क्यान प्रति (आवेदक नेपालबाहिर गएको अवस्थामा), शरणार्थी शिविरबाट बसोबास खुल्ने पत्रको स्क्यान प्रति, पासपोर्ट साइजको रङ्गीन फोटो आवश्यक पर्छ ।

राष्ट्रिय अभिलेखको आधारमा प्रहरीले चारित्रिक प्रमाणपत्र वितरण गर्ने हुँदा प्रहरीले राष्ट्रिय अभिलेख चुस्त र दुरुस्त राख्नुपर्ने हुन्छ । त्यसैले प्रहरीले नेपाल प्रहरी वा प्रदेश प्रहरीका अपराध अनुसन्धान गर्ने कार्यालय वा एकाइ तथा अन्य निकायबाट अनुसन्धान भई फौजदारी मुद्दामा अभियोजन गरिएका व्यक्तिको विवरण, अदालतबाट पक्राउ पुर्जी जारी भएका व्यक्तिको विवरण, फौजदारी मुद्दामा अदालत वा कुनै अर्धन्यायिक निकायबाट सजाय पाएको व्यक्तिको विवरण फौजदारी मुद्दामा अदालत वा कुनै अर्धन्यायिका निकायबाट सफाइ पाएको व्यक्तिको विवरण अद्यावधिक बनाएर राख्नु पर्छ ।

साथै नेपाल प्रहरीले अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय, फौजदारी मुद्दामा अनुसन्धान तथा अभियोजन गर्ने अन्य निकायका फौजदारी मुद्दासम्बन्धी विवरण सङ्कलन गर्नुपर्ने दायित्व निर्वाह गर्नुपर्ने हुन्छ ।

प्रहरी चारित्रिक प्रमाणपत्र वितरण गर्ने जिम्मेवारी प्रहरी प्रधान कार्यालयको हो । उसले त्यो काम हाल चालचलन शाखाबाट गर्दै आएको छ । आवेदक दर्ता भएको पाँच कार्यदिन भित्र प्रमाण पत्र उपलब्ध गराउनु पर्ने कुरा निर्देशिकाले निर्दिष्ट गरेको छ । चारित्रिक प्रमाणपत्र कसुर उल्लेख गरेर र कसुर उल्लेख नगरेर दुई किसिमबाट वितरण हुन्छ ।

कुनै फौजदारी मुद्दामा अभियोग लागी अदालत वा अर्धन्यायिक निकायबाट सजाय तोकिएकोमा त्यस्तो सजाय भुक्तान नगरी कुनै पनि माध्यमबाट चारित्रिक प्रमाणपत्र उपलब्ध नहुने व्यवस्था छ । प्रहरी चारित्रिक प्रमाणपत्रको अधिकारिता सम्बन्धमा यकिन गर्नुपर्ने भएमा नेपाल प्रहरीको आधिकारिक वेबसाइटबाट त्यस्तो प्रहरी चारित्रिक प्रमाणपत्रमा रहेको चलानी नम्बर र नाम उल्लेख गरी जाँच गर्न सकिन्छ ।

प्रहरीले वितरण गरेको चारित्रिक प्रमाणपत्रको विवरण परिवर्तन गरी झुटा विवरण पेस गरेमा सो कसुर गर्ने व्यक्तिलाई मुलुकी अपराध संहिता २०७४ बमोजिम सात वर्षसम्म कैद र सत्तरी हजार रुपियाँसम्म जरिवाना हुने व्यवस्था छ । प्रहरी प्रधान कार्यालय अन्तर्गत अपराध अनुसन्धान विभागको मातहतमा चालचलन शाखा रहेको छ । चारित्रिक प्रमाणपत्र वितरण गर्दा कार्यालयले विद्युतीय प्रणाली भरपर्दो नहुनु, प्रविधियुक्त पूर्वाधारको कमी, सिपयुक्त जनशक्तिको कमी, नागरिकमा चेतनाको कमी, पर्याप्त सूचना र प्रविधिको ज्ञान नहुनु आदि समस्या रहेको औंल्याउन सकिन्छ ।

सेवा दिने कार्यालयमा सेवाग्राहीको सजिलै पहुँच रहेको छ तर मुद्दा चलेको वा नाम मिल्न गएको व्यक्तिले भने प्रहरी कार्यालयबाट मेलको जवाफ प्राप्त भएको दुईदेखि तीन दिनमा सम्बन्धित व्यक्तिको 'युजर एकान्ट' मा चारित्रिक प्रमाणपत्र प्राप्त हुन्छ । कसैकसैलाई भने यो अवस्थामा १२/१५ दिनसम्म लाग्न सक्छ । प्रहरी चारित्रिक प्रमाणपत्र भेरिफाई गर्दा कसैको नाम जुधेको वा मुद्दा चलेको देखिएमा त्यसलाई फेरि छुट्टै हेरिन्छ ।

नेपाल सरकारले अपराधसम्बन्धी राष्ट्रिय अभिलेख व्यवस्थापन तथा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण निर्देशिका २०८० जारी गरेर प्रहरी चारित्रिक प्रमाणपत्र वितरण गर्ने व्यवस्थालाई व्यवस्थित, सरल, सहज र प्रभावकारी बनाउन देखाएको अग्रसरता सराहनीय छ तर सरकारले निर्देशिका जारी गरेर मात्र हुँदैन यसमा समय समयमा गृह मन्त्रालयले निरीक्षण अनुगमन गर्न भने जरुरी छ ।

राष्ट्रिय अभिलेखको गोपनीयता र सुरक्षाको व्यवस्था प्रहरी प्रधान कार्यालयले मिलाउनु पर्ने जिम्मेवारी निर्देशिकाले तोकेकोले प्रहरी प्रधान कार्यालय यसमा संवेदनशील हुन जरुरी छ । बरु प्रहरी कार्यलयलाई यससम्बन्धी व्यवस्थापनमा बजेटको अभाव छ भने नेपाल सरकारको ध्यान यस्तो संवेदनशील विषयमा तुरुन्तै जानु पर्छ । साथै सुरक्षा निकायले पनि नागरिकको चरित्रमा कसैले पनि खेलबाड गर्न नसक्ने व्यवस्थामा भने चनाखो हुनु पर्छ ।

नागरिकले पनि सम्भव भएसम्म हाम्रो चरित्र उच्च राख्न प्रयत्नशील हुनु पर्छ । परिबन्दमा कसुर लाग्ने भवितव्य एउटा कुरा हुन सक्छ तर गल्ती नगरे सजाय भोग्नु पर्दैन भन्ने मानसिकताको विकास हुनु पर्छ । हाम्रो चलनचल्तीको उखानै छ 'जसले कालो खान्छ उसले मात्र कालो हग्छ' । हामी कति अनुशासित छौं ? हाम्रो समाज कति अनुशासित छ ? भन्ने कुरा हाम्रो चालचलनले देखाउँछ । वास्तवमा चरित्र मानव जीवनको ऐना हो । त्यसैले हामी सबैले सम्भव भएसम्म हाम्रो चरित्र उच्च राखौं । अरूलाई एक औंला देखाउँदा अरू चार वटा औंला आफैंतिर फर्किरहेको हुन्छ भन्ने कुरा पनि मनन गरौं । नागरिकमा उच्च चरित्र भयो भने राष्ट्रको इज्जत पनि बढ्छ । विश्वमा सम्मानित देशवासीका नाममा पूजनीय हुन सक्छौं । प्रहरीको चालचलन शाखाले पनि हामी कसैको पनि खराब चरित्र भनी प्रमाणित गर्ने दिन नआवस् ।

# सत्ता गठबन्धन दलका चुनौती



• प्रदिप्नराज पन्त

नेपालमा गठबन्धनको सरकार असलमा चुनावको परिणाम नै हो । मिश्रित निर्वाचन प्रणाली भएको नेपाल जस्तो मुलुकमा चुनावमा कुनै एक दलको बहुमत आउन सक्ने सम्भावना न्यून जस्तै देखिन्छ । यस कारण सत्ता गठबन्धन अनिवार्य आवश्यकता बनेको हो । सत्ताका लागि हुने गठबन्धनका फाइदा बेफाइदा छन् तैपनि गठबन्धनको कारणले नै नेपालमा साना तथा ठुला दल सबैले सरकारमा भाग लिने र महत्वपूर्ण पद सम्हाल्ने मौका पाएका छन् । नेपालको सन्दर्भमा प्रायः सबै राष्ट्रिय दलहरू कुनै न कुनै रूपमा सत्ता साझेदार बनिसकेका छन् । कतिपय अवस्थामा सत्ता साझेदारीलाई सकारात्मक पक्ष मान्न सकिए पनि छिटो छिटो सत्ता गठबन्धनमा परिवर्तन आउनाले सरकार अस्थिर हुने र नागरिकमा देश अनिश्चिततातर्फ जान लागेको हो कि भन्ने आशङ्का पैदा हुने सम्भावना प्रबल हुन्छ । यस कारण गठबन्धनको नकारात्मक पक्षको बारेमा नागरिकको आशङ्का हटाउन सत्ता साझेदारहरू सजग भएर गम्भीर प्रकृतिका कार्यक्रम बनाउन सक्नु पर्छ ।

सत्ता गठबन्धनमा सहभागी सबै दलले लाभहानिको हिसाबकिताब गर्नु सामान्य नै हो तर साना दलहरूले गठबन्धनअघि सत्ता साझेदारीबाट के प्राप्त गरिन्छ भनेर समीक्षा गर्न अति आवश्यक छ । सत्ता गठबन्धनको राजनीतिबाट कसलाई फाइदा कसलाई घाटा हुन्छ भन्ने बुझ्न जर्मनीमा सन् २०१७ मा भएको चुनावको परिणाम एउटा उदाहरण बन्न सक्छ । निर्वाचनमा जर्मनीको ठुलो दलमध्येको एक सोसल डेमोक्र्याटिक पार्टी (एसडिपी) को मत प्रतिशत दशकमा नै सबैभन्दा कम रह्यो । संसद्को चुनावमा एसडिपीको १५ दशमलव आठ प्रतिशत मत कम भयो । त्यस्तै डेनमार्कमा त्यहाँको लिबरल एलाएन्स दलको मत प्रतिशत ७० प्रतिशतले घट्यो । अहिले यी दल संसद्मा एक सहायक दलको रूपमा प्रतिनिधित्व गर्छन् अथार्त थिनीहरू नेतृत्वमा छैनन् । वास्तवमा थिनीहरू दुवैले अलग विचारधाराका दलसँग सहयोगको याचना मात्र गरेनन्, हामी उस्तै र समान छौं भनेर चुनावमा मतदाता समक्ष गएका थिए । अलग विचार भएको दलसँग हामी उस्तै हो या हामी समान छौं भनेर भन्दा त्यो विश्वसनीय नहुने रहेछ । चुनावमा ती दलहरूले नराम्रो पराजय बेहोरे ।

हालै जर्नल अफ पोलिटिक्स (सिकागो युनिभर्सिटी) मा प्रकाशित लेख अनुसार साना दलहरू जसले सरकारको नेतृत्व गरेको छैनन्, तिनीहरूलाई भविष्यमा हुने चुनावमा ठुलो नोक्सान बेहोर्नु पर्ने पक्का हुन्छ । जर्नलका अनुसार, चुनावमा जर्मन र डेनमार्कका दलहरूलाई मात्र घाटा भएन सम्पूर्ण युरोपमा उस्तै प्रकृतिका घटना दोहोरिए । सन् १९७२ देखि २०१७ सम्म २८ वटा युरोपका देशमा भएको २१९ वटा चुनावलाई विश्लेषण गर्दा सरकारमा रहेका साना दलहरूले नै चुनावमा व्यापक क्षति बेहोरेका थिए । जर्नलको अनुसार सालाखाला सरकारमा रहेका साना दलहरूले १७ प्रतिशतसम्म हानि बेहोरेका रहेछन् ।

नेपालमा पनि सत्ता गठबन्धनमा साझेदार भएपश्चात् साना दलले दुर्गति बेहोरेका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीको २०७० को चुनाव र २०७४ मा चुनाव नै यसको उदाहरण हो । मधेशको एजेन्डालाई प्रमुख मुद्दा बनाएर गठन भएका दलको संसद्मा सिट सङ्ख्या धेरै थियो तर २०७९ को चुनावमा उनीहरू विभक्त भए र सिट सङ्ख्या पनि नाटकीय रूपमा नै घट्यो । ठुला दल कांग्रेस, एमाले र माओवादीको पनि मत प्रतिशत गणतन्त्र प्राप्तिपछिको हरेक चुनावमा क्रमशः घट्दै गयो र नयाँ दलहरू अस्तित्वमा आए । जर्नल अफ पोलिटिक्सको अनुसार सत्तामा बसेर चुनावमा प्रतिस्पर्धा गर्ने दलभन्दा प्रतिपक्षमा बसेर चुनाव लडने दलले तीन प्रतिशत मत बढी प्राप्त गर्छ । एकल सरकारको हकमा तीन प्रतिशत भए पनि गठबन्धनमा रहेका सरकार र विशेष गरेर साना दलहरूले चाहिँ ठुलो क्षति बेहोर्न पर्ने हुन्छ । यस कारण साना दलहरूले सत्ता साझेदारी गर्दा लाभहानिको विश्लेषण गहिरो तरिकाले गर्न जरुरी हुन्छ ।

किन हुन्छ क्षति ?

पहिलो त साना दलहरूले चुनावभन्दा अघि जो प्रतिज्ञा गरेका हुन्छन् त्यस्ता अधिकांश प्रतिज्ञालाई कार्यान्वयनमा लैजान सक्दैनन् । शासन गर्नका लागि उनीहरूलाई सरकारमा रहेका ठुला दलहरूसँग सम्झौता गर्नुपर्ने हुन्छ । साना दलहरूले विशिष्ट नीतिमा अभियान चलाए पनि अक्सर त्यसलाई लागु गर्न उनीहरू सक्षम हुँदैनन । जर्मनीकै उदाहरण लिउँ- २००९ को चुनावको अभियान जर्मनको फ्रि डेमोक्र्याट्सले वकालत गरेको सबैभन्दा महत्वपूर्ण नीतिगत प्रतिज्ञा कर प्रणालीमा सुधार थियो तर यसलाई उसले लागु गर्न सकेन । फलस्वरूप २००९ पछिको चुनावमा उसले पराजय बेहोर्दै गयो ।

दोस्रो साना दलहरू सरकारमा भए पनि उनीहरू सरकारमा साझेदार ठुला दलभन्दा आफूलाई पर्याप्त रूपमा फरक भनेर प्रमाणित गर्न सक्दैनन् । यसको मतलव, प्रधानमन्त्री या ठुला दलको पार्टीको नीति कार्यक्रमभन्दा फरक भनेर साना दलहरूले प्रमाणित गर्न सक्दैनन् किनभने ठुला पार्टीको सहयोगबिना ती नीति नियमहरू पारित हुनै सक्दैनन् । भलै साना दलहरू सामान्यतया आफू स्वयम्को विशिष्ट नीतिगत लक्ष्यको पछाडि किन नहुन्, उनीहरू हमेसा आफ्नो नीतिगत लक्ष्य सम्प्रेषित गर्नमा सफल हुँदैनन् । फलस्वरूप मतदाताले ठुला र साना दलबिच खासै भिन्नता छुट्याइरहन पर्ने आवश्यकता देख्दैनन् । यस कारण चुनावमा साना दलका कार्यक्रम जतिसकै सुन्दर र मनन योग्य किन नहोस्, उनीहरूले जस्तोसुकै सहमति र सम्झौता किन नगरुन्, चुनावमा मतदाताले गठबन्धनमा रहेका साना दलहरूलाई विश्वास गर्न सक्दैनन् भन्ने निष्कर्ष नै विश्लेषकहरूको छ । यस कारण साना दलहरूले कम मत प्राप्त गर्छन् र कम मत प्राप्त गरेपछि संसद्मा प्रतिनिधित्व पनि स्वतः कमजोर हुने भयो । अनि ठुला दलहरूसँगको गठबन्धन पनि अव्यावहारिक बन्न जान्छ । भद्र सहमति या अन्य जस्तोसुकै सम्झौता भए पनि संसदीय अङ्क गणितमा प्रभावकारी भूमिका खेल्न नसक्ने दलको हैसियत कमजोर हुन जान्छ र कार्यकारी या प्रभावकारी पदमा रहने सम्भावना झनै क्षीण हुन्छ । गठबन्धनमा साना दलहरूको हैसियत एक चुनावभन्दा अर्को, अर्कोभन्दा अर्को झनै कमजोर बन्न जान्छ र अन्ततः पार्टीको अस्तित्व समाप्त हुन्छ ।

जर्मनीकै सन् २०१७ को चुनावबाट अर्को कुरा बुझ्न सकिन्छ, जर्मन चान्सलर एन्गेला मर्केल र उनको भगिनी सम्बन्ध भएका दल -क्रिस्चियन डेमोक्र्याटिक युनियन (सिडियु) र क्रिस्चियन सोसियल युनिएन (सिएसयु) दुवैलाई सरकार बनाउन सकस नै भयो । साना दल एसडिपी र फ्रि डेमार्क्याट्स दुवैले सिडियु र सिएसयुको साथ मिलेर शासन गरिसकेका थिए । त्यस कारण उनीहरू फेरि उही गठबन्धनमा शासन गर्न इच्छुक थिएनन् किनभने उनीहरूले गठबन्धनमा बसेर शासन गरेको कारण कम मत पाएको मान्यता उनीहरूको थियो । यसैले पटक पटक अनुरोध गर्दा पनि फेरि शासनमा बस्न उनीहरू इच्छुक देखिएनन् । अर्को साना दल एसडिपीले पनि शासनमा बस्न मानेन, जसले गर्दा करिब छ महिना जर्मनीमा निर्वाचित भएको सरकारबिना नै शासन व्यवस्था चल्यो । डेनमार्कमा पनि चुनावपछि तुरुन्तै सरकार बन्न सकेन । नयाँ सरकार नबन्नु नौलो विषय नभए पनि युरोपतिर निर्वाचन भएको छ महिनासम्म सरकार गठन हुन नसक्नु र सरकार गठन भएपछि पनि पूर्णता नपाउनुलाई ज्यादै लापर्बाही र सरोकारवालाको ठुलो कमजोरीको रूपमा लिइन्छ । हुन पनि आफूले छानेका प्रतिनिधिहरू सरकारमा नभएको अवस्थामा जनता निरीह हुन्छन् भन्ने सर्वव्यापी मान्यता छ ।

के छ समाधान ?

साना दलहरू शासन सत्ताबाट बाहिर प्रतिपक्षमा बस्नु नै भविष्यमा हुने चुनावमा दललाई ठुलो बनाउने अचुक हतियार हो तर यसको मतलव शासनमा नरहनु मात्रै मत बढाउने योग्यता हो भन्न खोजिएको होइन । सांसद्को रूपमा साना दलका सदस्यले कति सशक्त भएर मतदाताको प्रतिनिधित्व कसरी गरेका छन्, त्यो महत्वपूर्ण हो । यस कारण साना दलहरूले गठबन्धनमा सामेल हुँदाको लाभ र लागतको गम्भीरतापूर्वक विचार गर्न जरुरी छ । साना दलहरूले सरकारमा सामेल भएर पद र प्रतिष्ठा पाउनुभन्दा विपक्षमा बसेर दललाई आगामी चुनावमा बलियो बनाउँछु भन्ने रणनीति बनाउनु श्रेयस्कर हुन्छ तर यसको मतलव सरकार गिराउनु पर्छ भनेको होइन । कुनै कार्यकारी पद नलिइकन पनि मुद्दाको आधारमा सरकारलाई सहयोग गर्न सकिन्छ ।

जर्मनीको जस्तै सरकारविहीनताको स्थिति आउन नदिन नेपालका दल पनि चनाखो हुन जरुरी छ तर गठबन्धन जुनसुकै कारणले किन नगरिएको होस्, जतिसकै बध्यता किन नहोस् धेरै दल मिलेर सत्ता साझेदारी गर्नु पर्दा कठिन हुन्छ । यस कारण हमेसा गठबन्धनद्वारा सरकार चलाउनपर्ने बाध्यता अन्त्य गर्नेतर्फ पहल हुन जरुरी छ तर निकट भविष्यमा नै गठबन्धन संस्कृतिको अन्त्य हुने सम्भावना देखिँदैन । यस कारण गठबन्धनको नकारात्मक पक्षलाई हटाउनु नै अहिलेको सत्ता साझेदार दलहरूको चुनौती हो ।

नकारात्मक पक्षलाई हटाउन सबभन्दा पहिला त सत्ता गठबन्धनमा भएको परिवर्तन नागरिकको हितमा छ भन्ने महसुस गराउन सक्नु पर्छ । गठबन्धनका पक्षधरले गठबन्धनको कारण सरकार ज्यादै कमजोर, निर्णय प्रक्रियामा खासै योगदान दिन नसक्ने र भ्रामक छ भन्ने सन्देश नागरिकमा प्रवाह हुन नदिन ज्यादै संवेदनशील भएर कार्यक्रम तर्जुमा गर्नु पर्छ । गठबन्धन सरकारले गरेका सबै निर्णयहरू निष्कर्षमा पुग्न सकेन भने नागरिकमा निराशा उत्पन्न हुन्छ र गठबन्धनप्रति जनताको भरोसा टुट्छ । भ्रामक सन्देश भनेकै निष्कर्षमा नपुगेका सरकारका निर्णय र प्रतिज्ञाहरू हुन् ।

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष : बन्धु कार्की

**भद्रपुर-५ वडा कार्यालय परिवार**

भद्रपुर, झापा

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष : पशुपति बराल
व्यवस्थापक : सुमित्रा रेग्मी

**नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

बिर्तामोड, झापा

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष : इन्दिरा निरौला

**साना किसान कृषि सहकारी संस्था लि. परिवार**

भद्रपुर, २-सोमबारे झापा

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष : लवकुमार चौधरी
सचिव : मिरा खड्का

**गौरवशाली बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

बिर्तामोड, झापा

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष : सुवास भट्टराई

**सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

बिर्तामोड, झापा

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

**सहारा नेपाल परिवार**

बिर्तामोड, झापा

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष : राजु न्यौपाने

**बिर्तामोड उद्योग वाणिज्य संघ परिवार**

बिर्तामोड, झापा

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

कार्यकारी प्रमुख : महेन्द्र गिरी
अध्यक्ष : हरिबहादुर राजवंशी

**सहारा नेपाल साकोस परिवार**

बिर्तामोड, झापा

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष : ताराप्रसाद चापागाँई

**गरामनी कृषि सहकारी संस्था लि. परिवार**

बिर्तामोड, झापा

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष : हिमालयप्रकाश कन्दङ्वा

**जनशक्ति बचत तथा ऋण सहकारी लि.परिवार**

बिर्तामोड, झापा

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष : सुब्रत न्यौपाने

**शिक्षा बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**

बिर्तामोड, झापा

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष : जितनारायण चौधरी
व्यवस्थापक : सन्तोष दाहाल

**अन्नपूर्ण बचत तथा ऋण सहकारी लि.परिवार**

बिर्तामोड, झापा

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

**पशुहाट पटके कर संकलन**

भद्रपुर, झापा

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

प्रिन्सिपल : इशुभ पाण्डे

**प्रज्ञा ऐकेडेमी परिवार**

भद्रपुर, झापा

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

**कालिका टि इस्टेट परिवार**

भद्रपुर, झापा

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

सचिव : मिनप्रसाद पोखेल
अध्यक्ष : हरि गौतम

**झापा सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. परिवार**


भद्रपुर, झापा



## मानव डेन्टल

काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



**स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान**


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** – प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** – आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** – धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** – आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** – सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** – रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** – आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** – हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** – आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** – आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** – आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** – आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।